प्रमुख प्रशासकीय अधिकृत ०९१,५६०११८
प्रशासन शाखा, ०९१५६०८१६

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०७९/०८०
च.नं.: ८८६

मिति : २०७९/०८/०७

**विषय : सामाजिक परीक्षण कार्यका लागि शिलबन्दी प्रस्तावपत्र पेश गर्ने सम्वन्धि सूचना ।**

**(दोस्रो पटक प्रकाशित मिति : २०७९/०८/०७)**

यस टीकापुर नगरपालिकाको गत आ.व.०७८/०७९ मा सम्पादन गरेका कार्यक्रम तथा कार्यसम्पादनको लेखाजोखा र त्यसको सामाजिक उपलव्धी मापन गर्ने प्रयोजनका लागि यस नगरपालिकाको सामाजिक परीक्षण कार्य गर्नुपर्ने भएको हुँदा सो कार्यका लागि सेवा उपलब्ध गराउन सक्ने योग्यता पुगेका संस्था छनौट गर्नुपर्ने भएकोले सामाजिक परीक्षण गर्ने इच्छुक संस्थाहरुवाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी प्रस्ताव दर्ता गर्न सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**शर्तहरु :**

**१.सामाजिक परीक्षण कार्यका लागि प्रचलित ऐन/कानूनको पालना** :सामाजिक परीक्षण सम्वन्धी कार्य यस टीकापुर नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७७ को भाग-३ सामाजिक परीक्षण सम्वन्धी व्यवस्था अन्तर्गत रही गर्नुपर्नेछ ।

**२.बजेट** : सामाजिक परीक्षण गर्ने कार्य वापत कर सहित अधिकतम रु. ३,००,०००।- (तीन लाख) मात्र रहेको छ ।

**३आवश्यक कागजात** :.शिलवन्दी प्रस्ताव पत्रका साथ सम्वन्धित संस्था दर्ता गरेको प्रमाणको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा नियमानुसारका अन्य आवश्यक प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न राखी पेश गर्नुपर्नेछ ।
-प्रस्तावपत्रको साथमा संस्था/विज्ञहरुको सामाजिक परीक्षण सम्वन्धी कार्य अनुभवको प्रमाणपत्र, संस्थामा संलग्न विज्ञहरुको वैयक्तिक विवरण लगायतका आवश्यक विवरण संलग्न रहेको हुनुपर्नेछ ।

**४.आर्थिक तथा प्राविधिक प्रस्ताव** : प्रस्ताव पेश गने संस्थाले आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै शिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

**५. सामाजिक परीक्षकको योग्यता र कार्य विवरण** : सामाजिक परीक्षकको कार्यविवरण र योग्यता
यस नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७७ को भाग-३ सामाजिक परीक्षण सम्वन्धी व्यवस्था, परिच्छेद-१ सामाजिक परीक्षण सम्वन्धी संस्थागत व्यवस्था अन्तर्गत दफा १६ को उपदफा (३) मा उल्लेख भए अनुसार अनुसूची-४ वमोजिम रहनेछ ।

६. सामाजिक परीक्षण गर्न ईच्छुक संस्थाले आफ्नो प्रस्तावपत्र शिलवन्दि गरी मिति : २०७९ मंसिर २१ गते दिनको १२ :०० वजे भित्र यस नगरपालिकाको कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । रितपूर्वक प्राप्त हुन आएको प्रस्ताव सोही दिन दिनको २ :०० वजे कार्यालयमा खोलिने छ ।

७ तोकिएको समय अवधि भित्र दर्ता हुन नआएका तथा रित पूरा नगरी प्राप्त हुन आएका प्रस्तावपत्र उपर कुनै कारवाही हुने छैन ।
८. यसमा उल्लेख हुन छुट हुन गएको बुंदाको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
९. अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र टेलीफोन नं. ०९१-५६०८१६ मा सम्पर्क गर्न सकिनेछ ।
१०.टीकापुर नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७७ यस नगरपालिकाको वेवसाईट www.tikapurmun.gov.np बाट Download गरी हेर्न सकिनेछ ।

..............................
**मंगल बहादुर शाही**
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकिय अधिकृत